# इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

## इनरुवा नगरपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत

## आ.व. २०८१/०८२ को तेस्रो चौमासिक एवं वार्षिक कार्य प्रगति प्रतिवेदन

## मितिः २०८२।४।२६ गते

१. सामान्य प्रशासन शाखा

- कार्यालयमा आएका विभिन्न चिठ्ठि पत्रहरू दर्ता गरी माग/आदेश बमोजिमका कार्यहरू निरन्तर गरेका,
- कार्यालयका कर्मचारीहरूको दैनिक हाजिरी अध्यावधिक गरेको,
- नगर कार्यपालिकाको बैठक ब्यवस्थापन गरेको,
- ७ जना कार्यालय सहयोगी र १ जना वित्तीय साक्षरता सहजकर्ता (सामी कार्यक्रम तर्फ) नियुक्ती गरिएको ।

२. पूर्वाधार विकास शाखा

क. सडक तथा अन्य पूर्वाधार विकास उपशाखा

- **ठेक्का मार्फत संचालित योजना संख्याः ४२**

| सडक/भवनको किसिम | चालु आ.व.मा निर्माण भएको परिमाण |
|---|---|
| कालोपत्रे सडक | ५.८६ कि.मि. |
| ग्राभेल सडक | ४.३४ कि.मि. |
| RCC सडक | ८८९ मिटर |
| इन्टरलक टायल सडक | १८६.३५ मिटर |
| वडा कार्यालय भवन | १ वटा |
| स्वास्थ्य चौकी निर्माण | १ वटा |
| ढल तथा नाला निर्माण | ७.२६ कि.मि. |
| पल्म्ब तथा साइड वाल निर्माण | २.३४ कि.मि. |

- **आयोजनाहरुको विस्तृत विवरण**

| ठेक्का न. | योजनाको नाम | स्वीकृत फर्मको नाम | निर्माण कार्यको विवरण | लम्बाई |
|---|---|---|---|---|
| INRROAD-01/081/082 | शर्वेश्वर शिव मन्दिर बाट मण्डल टोल जाने सडकमा ढल निर्माण गर्ने कार्य,इनरुवा ३ | खुश्बु कन्सट्रक्सन, भोक्राहा नरसिंह | नाला निर्माण गर्ने कार्य | १.८२५ कि.मि. दुवै तर्फ |
| INRROAD-03/081/082 | सिनेट श्रेष्ठको घर देखि नारायण यादवको घर सम्मको बाटो नाला सहित टायल लगाउने कार्य, इनरुवा-३ | डिग्री निर्माण सेवा, इनरुवा ३ | ढल तथा टायल लगाउने कार्य | १११ मि. ढल निर्माण भएको |
| INRROAD-04/081/082 | चंदरको घर देखि पश्चिम देवनारायणको घर सम्म सडक ग्राभेल गर्ने कार्य, इनरुवा-८ | डि.के. कन्स्ट्रकसन, कोशी गा.पा. | ग्राभेल सडक निर्माण | ५८५ मि. |
| INRROAD-05/081/082 | सडक तथा नाला निर्माण गर्ने कार्य, इनरुवा-३ | खुश्बु कन्सट्रक्सन, भोक्राहा नरसिंह | सडक तथा नाला निर्माण | १६८ मि. नाला र ७० मि. ग्राभेल सडक |
| INRROAD-06/081/082 | सडक निर्माण गर्ने कार्य, इनरुवा-८ | जल्पा निर्माण सेवा, भोक्राहा नरसिंह | कालो पत्रे सडक तथा ग्रभेल सडक | ४३४.५ मि. कालो पत्रे र ४२५ मि. ग्रभेल |
| INRDRAIN-08/081/082 | विनोद सुवेदिको घर देखि सोकबारे हाट सम्मको सडकमा ढल निर्माण गर्ने कार्य, इनरुवा-१ | वि.एन.एस. कन्स्ट्रकसन, इनरुवा १ | ढल निर्माण गर्ने कार्य | ४३८ मि. |
| INRROAD-09/081/082 | भक्तराज कुवरको घर देखि रामलाल पोदारको घर सममको | विवस कन्सट्रक्सन, इनरुवा ५ | ढल तथा ग्राभेल सडक | ९० मि. ढल तथा ग्राभेल गर्ने कार्य |

| | | | | |
|---|---|---|---|---|
| | सडकमा ढल तथा ग्राभेल गर्ने कार्य, इनरुवा-१ | | | |
| INRROAD-10/081/082 | सडक कालो पत्रे तथा पक्कि सडक निर्माण गर्ने कार्य, इनरुवा-१ | जल्पा निर्माण सेवा, भोक्राहा नरसिंह | कालो पत्रे तथा पक्कि सडक | २४५ मि. कालो पत्रे र १८९ मि. पक्कि सडक |
| INRROAD-11/081/082 | श्रोत पुन प्रप्ती केन्द्र देखि दक्षिण रेडकष स्कुल जाने सडक निर्माण गर्ने कार्य, इनरुवा-८ | पवित्रा निर्माण सेवा, इनरुवा १ | कालो पत्रे सडक | ६४१.५ मि. |
| INRDRAIN-12/081/082 | बाल मन्दिर मोड देखि होण्डा सोरुम सम्मको नाला निर्माण गर्ने कार्य, इनरुवा- २ | प्रजापती बिल्डर्स, इनरुवा २ | नाला निर्माण गर्ने कार्य | ३४० मि. दुवै तर्फ |
| INRROAD-13/08/08 | पक्कि सडक तथा पक्कि नाला निर्माण गर्ने कार्य, इनरुवा-२ | प्रजापती बिल्डर्स, इनरुवा २ | पक्कि सडक तथा पक्कि नाला | ६२५ मि. पक्कि नाला र २१० मि. पक्कि सडक |
| INRROAD-14/081/082 | राम चरित्रको घर देखि दक्षिण इनरुवा तारानन्द मेहताको घर जाने सडकमा पक्कि नाला निर्माण गर्ने कार्य, इनरुवा-२ र ५ | माँ विसहरा कन्स्ट्रकसन, गढी गा.पा. | पक्कि नाला निर्माण | ३०४ मि. दुवै तर्फ |
| INRROAD-15/081/082 | साईड वाल तथा ग्राभेल सडक निर्माण गर्ने कार्य, इनरुवा-५ | साथी कन्सट्रक्सन एण्ड सप्लायर्स, इनरुवा १ | साईड वाल तथा ग्राभेल सडक | १.४९३ कि.मि. साईड वाल र ८९६ मि. ग्राभेल |
| INRROAD-16/081/082 | साईड वाल तथा टायल लगाउने कार्य, इनरुवा-५ | विवश कन्स्ट्रकसन, इनरुवा ५ | साईड वाल तथा टाईल सडक | १८६.३५ मि. साईड वाल तथा टायल सडक |
| INRROAD-17/081/082 | ग्राभेल ढलान तथा कालो पत्रे सडक निर्माण गर्ने कार्य, इनरुवा-९ | मन्सुरी निर्माण सेवा, इनरुवा ९ | ग्राभेल,ढलान तथा कालो पत्रे निर्माण | ६७८ मि. ग्राभेल, २७३ मि. कालो पत्रे र १७५ मि. पक्कि सडक |
| INRROAD-19/081/082 | आर.सि.सि. सडक निर्माण गर्ने कार्य, इनरुवा- ९ | सिता रामधुनी कन्सट्रकसन, रामधुनी १ | आर.सि.सि. सडक निर्माण | ७८ मि. |
| INRDRAIN-20/081/082 | हाजी अहमदको घर बाट पुर्व जाने सडकमा नाला निर्माण गर्ने कार्य, इनरुवा-१० | न्यू मन्सुरी निर्माण सेवा, इनरुवा १० | नाला निर्माण गर्ने कार्य | २.६८४ कि.मि. |
| INRROAD-21/081/082 | होली पुल देखि रेडक्रस स्कुल छेउको ढनिङ सम्म जाने सडक कालो पत्रे गर्ने कार्य, इनरुवा-४ | अलि बिल्डर्स, इनरुवा ५ | कालो पत्रे सडक | ६५५ मि. |
| INRROAD-22/081/082 | गंगाराम ऋषिदेवको घर देखि पश्चिम जाने सडक कालोपत्रे गर्ने कार्य, इनरुवा-७ | प्रचवि बिल्डर्स, इनरुवा २ | कालो पत्रे सडक | ५२० मि. |
| INRROAD-23/081/082 | नरेश सुवेदिको घर जाने सडक कालोपत्रे गर्ने कार्य, इनरुवा-६ | मन्जु निर्माण सेवा, इनरुवा ३ | कालो पत्रे सडक | ४३५ मि. |
| INRROAD-24/081/082 | नमुना बस्ति बाट उत्तरको सडक कालोपत्रे गर्ने कार्य, इनरुवा-६ | पवित्रा निर्माण सेवा, इनरुवा १ | कालो पत्रे सडक | ६०० मि. |
| INRROAD-25/081/082 | नाला आर.सि.सि.तथा कालो पत्रे सडक निर्माण गर्ने कार्य, इनरुवा-४ | बराहाक्षेत्र निर्माण सेवा, बराहाक्षेत्र १ | पल्म्ब, नाला तथा कालो पत्रे सडक | ३३७ मि नाला निर्माण भएको |
| INRROAD-26/081/082 | पक्कि सडक तथा कालो पत्रे सडक निर्माण गर्ने कार्य, इनरुवा-३ | पवित्रा निर्माण सेवा, इनरुवा १ | पक्कि सडक तथा कालो पत्रे सडक | २५५ मि. पक्कि सडक र ५८६ मि. कालो पत्रे सडक |
| INRROAD-28/081/082 | घिमिरे टोलको सडक कालो पत्रे गर्ने कार्य, इनरुवा ६ | डिग्री निर्माण सेवा, इनरुवा ३ | कालो पत्रे सडक | ३५० मि. |
| INRROAD-29/081/082 | झा सरके घर जाने सडक कालो पत्रे गर्ने कार्य, इनरुवा-४ | ज्य मां काली कन्सट्रक्सन, इनरुवा ४ | कालो पत्रे सडक | ३६० मि. |
| INRROAD-32/081/082 | बच्चु घर विजय सेन र हरि प्रा.वि. स्कुल दक्षिण जाने सडक ग्राभेल गर्ने कार्य, इनरुवा-७ | सफाज निर्माण सेवा, इनरुवा १० | ग्राभेल सडक निर्माण | १.६७१ कि.मि. |
| INRROAD-33/081/082 | साईड वाल तथा ग्राभेल सडक निर्माण गर्ने कार्य, इनरुवा-५, देउराली टोल | साथी कन्स्ट्रकसन एण्ड सप्लार्यस प्रा.लि., इनरुवा १ | साईड वाल तथा ग्राभेल सडक | ३२० मि. साईड वाल निर्माण भएको |

| | | | | |
|---|---|---|---|---|
| INRDRAIN-34/081/082 | नाला माथी स्ल्याब निर्माण गर्ने कार्य, इनरुवा ३ | सेलेष्टी कन्स्ट्रकसन, इनरुवा ३ | नाला माथी स्ल्याव निर्माण | ४२ मि. |
| INRROAD-37/081/082 | साविक वविया ४ अधुरो सडक र कृष्णदेव मेहताको घर देखि पुर्व जाने सडक आर.सि.सि. ढलान गर्ने कार्य, इनरुवा-९ | मनिष कन्स्ट्रकसन, इनरुवा ६ | आर.सि.सि. सडक निर्माण | १५७ मि. |
| INRROAD-41/081/082 | महेन्द चौक देखि नगरपालिका जाने सडक मर्मत गर्ने कार्य, इनरुवा-३ | जल्पा निर्माण सेवा, भोक्राहा नरसिंह | कालो पत्रे सडक | १८८ मि. |
| INRROAD-42/081/082 | शारदा टोल देखि इनरुवा दुहवी सडक मर्मत गर्ने कार्य, इनरुवा ५ | अलि बिल्डर्स, इनरुवा ५ | कालो पत्रे सडक निर्माण | ५७५ मि. |

### ख. भवन तथा वस्ति विकास उपशाखा

| क्र.स. | कामको विवरण | संख्या |
|---|---|---|
| १ | घर नक्सा पासको लागि नयाँ निवेदन | २५१ |
| २ | प्रथम चरण निर्माण इजाजत | ११५ |
| ३ | दोस्रो चरण (सुपरस्ट्रक्चर निर्माण कार्यको) इजाजत | ७३ |
| ४ | घर निर्माण सम्पन्न | ७६ |
| ५ | घर नक्सा नामसारी | ४० |
| ६ | घर अभिलेखिकरण | ८४ |
| ७ | घरबाटो प्रमाणीत | २४३४ |
| ८ | बाटो प्रमाणित | २६९ |
| ९ | चारकिल्ला प्रमाणित | १६३६ |
| १० | जग्गा नापजाँच | २६१ |
| ११ | १५ दिने सूचना बुझाएको भरपाई टाँस मुचुल्का | १३७ |
| १२ | घरनक्सा सर्जमिन | १२४ |
| १३ | जग्गा वर्गीकरण | १२२ |

### ग. खानेपानी तथा सरसफाई, वन वातावरण तथा विपद् व्यवस्थापन उपशाखा

- इनरुवा वडा नं. ८ मा रहेको श्रोत पुनःप्राप्ती केन्द्रमा आउने फोहोरलाई सड्ने र नसड्ने फोहोर छुटयाउने, कुहिने फोहोरलाई मल बनाउने र नकुहिने फोहोरलाई अन्यत्र व्यवस्थापन गर्ने कार्यका लागि हाल नगरपालिकामा रहेको जनशक्ति पर्याप्त नहुने भएकोले उल्लिखित कार्य गर्न सिमित दैनिक ज्यालादारीमा जनशक्ती व्यवस्थापन गर्नुका साथै आवश्यक सामाग्रीहरु र मेसिन समेत खरिद गरी मिति २०८१ भाद्र १ गतेबाट फोहोर व्यवस्थापन कार्य सुरुवात गरिएको,
- उक्त केन्द्रबाट निस्किएको सामाग्रीहरु विक्रिका लागि बोलपत्रको माध्यमबाट सम्झौता भई रकम रु.६,०८,९३०।०० आम्दानी भएको ।
- वारुण यन्त्रको प्रयोग गरी २५४ स्थानमा आगलागी नियन्त्रण गरिएको,
- पंचवटी पार्क सरसफाई, सौचालय मर्मत, खानेपानी जडान गरी विभिन्न प्रजातीका फुलको विरुवाहरु रोपिएको छ । नियमित रुपमा फुल गोडमेल गर्ने र रेखदेख गर्न कर्मचारी समेत खटाईएको छ ।
- फोहोर संकलन गर्ने गाडिलाई नियमित रुपमा संचालनमा ल्याईएको ।

- वारुण यन्त्रको प्रयोग गरी २५४ स्थानमा आगलागी नियन्त्रण गरिएको,
- प्रत्येक शनिवार नगरपालिकामा रहेका जनशक्तीको प्रयोग गरी सार्वजनिक स्थान तथा सडक सरसफाईको अभियान सुरुवात गरिएको । १७ औं हप्ता सम्म निरन्तर सरसफाई गरिएकोमा हाल वर्षा मौसमको कारणले स्थगीत गरिएको छ । हाल सम्म तपसिलको स्थानहरुमा सरसफाई गरिएको ।

  <u>तपसिलः</u>

  - पंचवटी पार्क, बस चोक, सखुवागाछी चोकदेखि मालपोत हुँदै शान्ति चोक — गोल चोक हुँदै बालमन्दिर मोडसम्म, सखुवागाछीदेखि सोमबारे हटिया हुँदै टेम्पो स्टेनसम्म, महेन्द्र चोकदेखि सहमति चोकसम्म, जनता आधारभूत विद्यालय, बलाहा बजार, नयाँ बस पार्क

**३. राजश्व उपशाखा**

- मिति २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्त सम्म भएको राजश्व संकलन रकम रु.८,४०,६२,२१८।३५
- नयाँ ब्यवसाय दर्ता संख्याः- २५९ वटा
- ब्यवसाय लगत कट्टाः- ५२ वटा
- ब्यवसाय नवीकरणः- १७०९ वटा

**४. जिन्सी तथा भण्डारण उपशाखा**

- कार्यालय संचालनका लागि आवश्यक सामाग्रीहरु खरिद गरी सेवा प्रवाह सुनिश्चितता गरेको,
- नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा रहेका खर्च भएर नजाने जिन्सी सामाग्रीहरु र अन्य सम्पतीहरुको अभिलेख व्यवस्थित गरी राखिएको,
- कार्यालयको नाममा रहेका सवारी साधनहरु मर्मत गरी चालु अवस्थामा राखी सोको अभिलेख राखिएको।
- स्वास्थ्य संस्थाहरुका लागि आवश्यक औषधीहरु र विद्यालयमा वितरण गर्न स्यानिटरी प्याड e-bidding मार्फत खरिद गरिएको ।
- वडा र कार्यलयमा रहेका फर्निचर तथा मेसिनरी औजारहरु मर्मत गरी सेवा प्रवाह सुनिश्चित गरेको ।

**५. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा**

- कार्यालयले जारी गर्ने विभिन्न सूचना तथा जानकारीहरु नगरपालिकाको वेवसाईट र फेसबुक पेज मार्फत निरन्तर रुपमा सार्वजनिक गर्ने गरेको,
- सूचनाको हक अन्तर्गत आ.व. २०८१/०८२ को पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक विवरण स्वतः प्रकाशन गरी वेवसाइट मार्फत सार्वजनिक गरेको,
- वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरणको सम्बन्धमा आएका समस्याहरु लिखित तथा मौखिक रुपमा सहजिकरण गर्ने गरेको,
- वडा नं. १,२,३ र ५ मा रहेका ४५०० घरधुरीहरुलाई GPS and Matrix based Digital House Numbering गरिएको,
- डिजिटल नागरिक वडापत्र संचालनका लागि नगरपालिका कार्यालय परिषरमा P4 LED Matrix Display, Smart TV, कार्यपालिका बैठक कक्षमा Interactive Board जडान गरिएको,

- चालु आ.व.को पहिलो चौमासिक सार्वजनिक सुनुवाई, दोस्रो चौमासिक सार्वजनिक सुनुवाई तथा तथा आ.व. २०८२/०८३ का लागि योजना तर्जुमा गोष्ठी १० वटै वडामा संचालन गरी करिब १००० भन्दा बढी नागरिकहरुको सहभागितामा सल्लाह सुझाव लिईएको,
- नगर कार्यपालिकाको बैठक संचालनमा सहजिकरण (Group SMS मार्फत) गर्ने गरेको,
- नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा प्रयोमा रहेको VERSP-MIS System, IPT System, EBPS System, Sutra, C-gas, Pams लगायतका विभिन्न सफ्टवेयरहरुमा आउने टेक्निकल तथा अन्य समस्याहरु समाधान गरी दैनिक सेवा प्रवाह सुनिश्चितता गरेको,
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सिस्टममा विवरण प्रविस्टि गरि नतिजा सार्वजनिक गरेको,
- मृगौला प्रत्यारोपण गरेका/डाइलाइसिस गराइरहेका/क्यानसर रोगी/मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई औषधि उपचार खर्च बापत मासिक रकम रु.५०००।०० को दरले तेस्रो त्रैमासिकको तपसिल बमोजिमको रकम उपलब्ध गराएको, पहिलो, दोस्रो र तेस्रोको प्रतिवेदन समेत समावेश गरिएको,

| क्र.स. | विवरण | पहिलो त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा वितरण संख्या | जम्मा वितरण गरेको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| १ | मृगौला प्रत्यारोपण | २३ | ३३५००० | २३ | ३४५००० | २४ | ३६०००० | २३ | ३४५००० | ९३ | १३८५००० |
| २ | डायलाइसिस | ६ | ९०००० | ६ | ९०००० | ६ | ९०००० | ६ | ९०००० | २४ | ३६०००० |
| ३ | क्यान्सर | १०९ | १६१५०००० | ११४ | १७३५००० | १२१ | १८३५००० | १२९ | १८७५००० | ४७३ | ७०६०००० |
| ४ | मेरुदण्ड पक्षघात | ४ | ६०००० | ४ | ६०००० | ४ | ६०००० | ५ | ७०००० | १७ | २५०००० |
| जम्मा | | १४२ | २१०००००० | १४७ | २२३०००० | १५५ | २३४५००० | १६३ | २३८०००० | ६०७ | ९०५५००० |

- मिति २०८१ भाद्र मसान्त सम्म नविकरण गरेका र नयाँ निवेदन दर्ता गरेका लाभग्राहीहरुलाई आ.व. २०८१।०८२ को प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता तपसिल बमोजिमको रकम EFT मार्फत वितरण गरिएको ।

| | वार्षिक | | | |
|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १४०६० | १६७४७१०१० | १४०४९ | १६७४०९९५२ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १४५८ | ११४७४९८३ | १४५८ | ११४७४९८३ |
| जेष्ठ नागरिक एकल महिला | १६३७ | १३०३७६९० | १६३७ | १३०३७६९० |
| विधवा | ४४३१ | ३४९५१०८४ | ४४२८ | ३४९४०४४४ |
| पूर्ण अपाङ्गता भत्ता | ४४० | ५२३८८७० | ४४० | ५२३८८७० |
| अति अशक्त अपाङ्गता भत्ता | १२८४ | ८१६७२६४ | १२८४ | ८१६७२६४ |
| दलित बालबालिका | २८६६ | ४४०९६५८ | २८६१ | ४४०२७४२ |
| **जम्मा** | **२६१७६** | **२४४७५०५५९** | **२६१५७** | **२४४६७१९४५** |

**<u>लघु उद्यम विकास कार्यक्रमः</u>**

- प्राविधिक सिप विकास तालिम अन्तर्गत इनरुवा नगरपालिका वडा नं १ र २ का सहभागीहरुलाई आधारभुत सिलाईकटाई सिप विकास तालिम-२३ जना , आधारभुत ब्युटीपार्लर सिप विकास तालिम - २४ जना ,एसी फ्रिज मर्मत सिप विकास तालिम- ३ जना, कुखुरापालन सिप विकास तालिम - २ जना, माटाका गिलास बनाउने सिप विकास तालिम - १ जना, पत्री बनाउने सिप विकास तालिम - १ जना, अगरबत्ती तथा धुप बनाउने सिप विकास तालिम - ५ जना, भिडियो मिक्सिङ्ग सम्बन्धी सिप विकास तालिम - १ जना गरी जम्मा ६० जनालाई सिप विकास तालिम सफलापुर्वक सम्पन्न गरियो ।
- प्राविधिक सिप विकास तालिम पश्चात माथि उल्लेखित सहभागीहरुलाई माग बमोजिमको आवश्यक प्रविधि सर सामाग्रीहरु लागत साझेदारीमा उपलब्ध गराइयो । सिलाईकटाई मेशिन, ब्युटीपार्लरका सर सामाग्रीहरु, एसी फ्रिज मर्मत सामाग्रीहरु, कुखुरापालनका लागी आवश्यक सामाग्रीहरु, माटाका गिलास तथा पत्री बनाउन आवश्यक सामाग्रीहरु, धुप अगरबत्ती बनाउन आवश्यक सामाग्री, भिडियो मिक्सिङ्गका लागी आवश्यक सामाग्रीहरु रहेका छन् ।
- वित्तिय तथा बजारीकरणमा पहुँच वृद्धिका लागि १/१ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । तालिम प्राप्त सहभागीहरुलाई सिप विकास तालिमको प्रमाण पत्र वितरण सम्पन्न गरियो ।

**लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन निर्देशिका अनुसार अन्य वर्ग तथा लक्षित वर्गलाई सिप विकास तालिम तथा प्रविधि सहयोग कार्यक्रम अन्तर्गत**

- फेसन डिजाइन र फष्टफुड कुक सिप विकास तालिमका लागि आवेदन सुचना प्रकाशन गरियो ।
- सहभागीहरु छनौट गरी ५२ दिने फेसन डिजाईन सम्बन्धी सिप विकास तालिम - १३ जना इनरुवा १ र फाष्टफुड कुक सम्बन्धी सिप विकास तालिम-१२ जना इनरुवा २ मा प्राविधिक सिप विकास तालिम सफलतापुर्वक सम्पन्न गरियो ।
- २५ जना सहभागीहरुलाई ५२ दिने सिप विकास तालिम पश्चात आवश्यक प्रविधि मेशिन औजार सर सामाग्रीहरु हस्तान्तरण गरियो । सहभागीहरुलाई सिप विकास तालिमको प्रमाण पत्र समेत वितरण गरियो ।

**अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमः-**

- यस कार्यक्रम मार्फत अपाङ्गता भएका बालबालिकालाई इटहरी देखि काभ्रे सम्म पुर्याएर स्वास्थ्य उपचार गरिएको,
- मिलिजुली समुहको बैठकको अनुगमन गरि ऋण परिचालमा सहजिकरण एवं निगरानी गरेको।
- जन्मदोष पहिचानका लागि नवजात शिशुको घरघरमा गई चेकजाँच गरेको,
- प्रत्येक महिनाको १ पटक ११ वटै स्वास्थ्य संस्थामा पोर्टेबल अल्ट्रासाउण्ड मेसिनको सहयोगमा ८७० जना गर्भवती महिलाहरुलाई (वार्षिक) भिडियो x-ray सेवा उपलब्ध गराईएको,
- आधारभुत फिजियोथेरापी केन्द्र, इनरुवा ५ मा प्रत्येक हप्ताको आइतवार र बुधबार फिजियोथेरापिस्टबाट फिजियोथेरापी सेवा उपलब्ध गराउदै आइएकोमा हालसम्म ९२ जना व्यक्तिहरुले ६५० पटक सेवा लिनु भएको,

- सहायक सामाग्री खरिद गरी वितरणको प्रक्रियामा रहेको,

## ६. महिला बालबालिका उपशाखा

- प्रत्येक महिनाको १७ गते अपाङ्गता परिचयपत्र वितरण गर्ने गरेको,
- ६० वर्ष पुरा भएका ज्येष्ठ नागरिकहरुलाई नियमित रुपमा परिचयपत्र वितरण गर्ने गरेको,
- वडा बाल संजाल/नगर बाल संजाल गठन गरी संजालको २ पटक बैठक बसेको,
- अन्तराष्ट्रिय महिला दिवस (८ मार्च) विभिन्न कार्यक्रम गरी मनाईएको,
- अपांगता भएका ४ जना बालबालिकाहरुलाई पहिचान गरि उपचारका लागि इटहरी पठाइएको,
- शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै पुगेर अपाङ्गता परिचयपत्र वितरण गरेको,
- बालकोषमा थप रकम रु.५०,०००।०० जम्मा गरेको,
- ८ वटा सामुदायीक विद्यालय र २ वटा टोल स्तरमा किशोरी शशक्तिकरण कार्यक्रम संचालन गरेको । (सामाजिक कुरीतिहरु, बालविवाह, दाइजो प्रथा, बोक्सि प्रथा, बहुविवाह, सामाजिक असमानता आदिको विषयमा अन्तरक्रिया गरिएको)
- बाल क्लबका अध्यक्षहरुलाई ३ दिने नेतृत्व विकास तालिम संचालन गरेको,
- बाल क्लब र संजाललाई सक्रिय बनाउन शाखा प्रमुख तथा सरोकारवालाहरुसंग बालमैत्री स्थानीय शासन सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको,
- राष्ट्रपति महिला उत्थान तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत वडा नं. १ का महिलाहरुलाई ५ दिने अचार बानाउने तालिम संचालन गरी प्रति सहभागी रकम रु.२६,०००।०० को दरले अनुदान रकम वितरण गरेको,
- सिविआर सहजकार्ता, ओपिडि प्रतिनिधि र कार्यक्रम सम्पर्क व्यक्तिहरुको द्वीमासिक बैठक बसी मिलिजुली समूहलाई व्यवस्थित गर्ने तथा अन्य विषयमा छलफल गरिएको,
- अपांगता परिचयपत्र वितरण

| कार्डको प्रकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| 'क' वर्ग (रातो कार्ड) | २ | ४ | ६ |
| 'ख' वर्ग (निलो कार्ड) | ९ | ८ | १७ |
| 'ग' वर्ग (पहेलो कार्ड) | ३ | ९ | १२ |
| 'घ' वर्ग (सेतो कार्ड) | ० | २ | २ |
| **कुल जम्मा** | **१४** | **२३** | **३५** |

- जेष्ठ नागरिक परिचयपत्र वितरण

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| १०२ | १४० | २४२ |

## ७. शिक्षा, युवा तथा खेलकुद शाखा

- सामुदायीक विद्यालयहरुमा खुल्ला प्रतिस्पर्धा मार्फत प्र.अ. नियुक्ती गर्न सूचना प्रकाशन गरीएकोमा प्रा.वि. तहको नतिजा प्रकाशन गरिएको र अन्यको नतिजा प्रकाशनको अन्तिम तयारी भएको,
- कक्षा ८ को पालिकास्तरीय परीक्षा संचालन गरी नतिजा प्रकाशन गरिएको,

- शैक्षिक सत्र २०८२ को पाठ्यपुस्तक खरिदका लागि विद्यालयहरुलाई ७५% रकम निकासा गरिएको,
- संघीय सरकार, प्रदेश सरकार तथा पालिका तर्फ विनियोजत बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गरिएको,
- नगरपालिकाको शिक्षा ऐन बमोजिम सम्पुर्ण दैनिक कार्यहरु सन्चालन गरेको,
- विद्यालयहरुको IEMIS प्रणालिलाई व्यवस्थित गरिएको,
- शिक्षकहरुलाई मासिक रुपमा तलब निकासा गरिएको,
- विद्यालयहरुले निर्णय तथा निर्देशनहरु कार्यान्वायन गरे नगरेको अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको,
- नगर शिक्षा समितिको नियमित बैठक बसी आवश्यक निर्णयहरु गरिएको ।

## ८. कानुन शाखा/न्यायी समितिबाट संपादित कार्यहरु

| विवाद निरुपण सम्बन्धी कार्य | | | मेलमिलापबाट मात्र विवाद निरुपण | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | संख्या | विवरण | संख्या |
| १ | जम्मा उजुरी | ४८ | जम्मा उजुरी | १४० |
| २ | मिलापत्र तथा फैसला | २४ | मिलापत्र तथा आदेश | ६३ |
| ३ | चलिरहेको | २४ | चलिरहेको | ७७ |

- नियमित वैठक महिनामा ३ (तीन) पटक बस्ने गरेको,
- प्रत्येक हप्ताको बुधबार मुद्दा छलफल हुने गरेको,
- इनरुवा नगरपालिका द्वारा संचालित सुरक्षीत आवास गृह सेफ हाउस संचालन गर्ने गरेको,
- विद्यार्थीसंग न्यायीक क्षेत्राधिकार सम्बन्धी कार्यक्रम संचालन गरिएको (कक्षा १० का सामुदायीक विद्यालयहरुमा),
- मेलमिलापकर्ताहरुका लागि ३ दिने पुनर्ताजगी तालिम संचालन गरेको,
- न्यायीक समिति र मेलमिलापकर्ताहरुका लागि अवलोकन भ्रमण कार्यक्रम आयोजना गरेको ।

## ९. स्वास्थ्य शाखाबाट सम्पादित कार्यहरू

| क्र.स. | सम्पादित कामहरु |
|---|---|
| १ | सवै स्वास्थ्य संस्थामा eLMIS संचालनमा रहेको र सवै काम अन लाइन प्रणालीमा रहेको |
| २ | DHIS-2 मा मासिक रुपमा सम्पादित कार्यहरु अन लाइन प्रणालीमा रहेको |
| ३ | ११ वटै स्वास्थ्य संस्थाहरुमा नियमित औषधी आपुर्ती गरिएको |
| ४ | हाल सम्म स्वास्थ्य चौकीहरुमा औषधीको अभाव हुन नदिएको |
| ५ | स्वास्थ्य संस्था प्रमुखहरुको पालिका स्तरिय मासिक वैठक प्रत्येक महिनाको ०४ गते वसी प्रतिवेदन भेरिफिकेशन नियमित गरिएको |
| ६ | ११ वटै स्वास्थ्य संस्थहरुवाट नियमित खोप संचालनमा रहेको |
| ७ | मासिक प्रगती प्रतिवेदन चालु आ.व.मा हाल सम्म स्वास्थ्य संस्थाहरुवाट अन लाइन इन्ट्री १०० प्रतिशत भएको |
| ८ | एच.पि.भि. खोप अभियानमा एच.पि.भि. खोप अभियान तथा नियमित खोपमा शुरुवातको लागि कार्यक्रम संचालन तथा व्यवस्थापन (स्वास्थ्यकर्मीको तालिम) कार्यक्रम सम्पन्न गरिएको । |
| ९ | एच.पि.भि. खोप अभियानमा एच.पि.भि. खोप अभियान तथा नियमित खोपमा शुरुवातको लागि कार्यक्रम संचालन तथा व्यवस्थापन (पालिका स्तरीय खोप समन्वय समितिको अभिमुखिकरण कार्यक्रम) गरिएको । |

| | |
|---|---|
| १० | एच.पि.भि. खोप अभियानमा वडा स्तरीय विधालय शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य व्यवस्थापन समिति (खोप समिति) को अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको |
| ११ | किशोरी किशोरी मैत्री स्वास्थ्य सेवा संचलनका लागि स्वास्थ्य संस्था प्रमाणिकरण कार्यक्रम । |
| १२ | क्षयरोग विरामीको अर्ध वार्षिक कोहोर्ट विश्लेषण कार्यक्रम गरिएको । |

## १०. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| ०१ | आप्रवासी श्रोत केन्द्रमा दर्ता भएको उजुरी संख्या | २३६ जना | |
| ०२ | आप्रवासी श्रोत केन्द्रमा फछ्यौट भएको उजुरी संख्या | ३५२ जना | पुरानो उजुरीहरु सफल भएको |
| ०३ | आप्रवासी श्रोत केन्द्रको समन्वयमा प्राप्त भएको क्षतिपुर्ति रकम | रु.९,३०,७४,५००। | |
| ०४ | मनोसमाजिक परामर्श सेवा प्रदान संख्या | ४९ जना | |
| ०५ | मनोसमाजिक परामर्श सेवा सफल भएको सँख्या | ०८ जना | |
| ०६ | वडा स्तरीय वित्तीय साक्षरता सम्बन्धी जनचेतना मुलक कार्यकम | ५ वटा | |
| ०७ | विधालय स्तरीय वित्तयि साक्षरता सम्बन्धी जनचेतना मुलक कार्यकम | ५ वडा माविमा | |
| ०८ | तीन दिवसयि वित्तयि साक्षरता सम्बन्धी जनचेतना मुलक कार्यकम | ३ वटा | |
| ०९ | वित्तीय तथा मनोसामाजिक परामर्श कक्षा समापन | २ वटा समुह | |
| १० | विषयगत शाखाहरुसँग अन्तरक्रिया कार्यकम | १ वटा | |
| ११ | पत्रकारहरुसँग अन्तरक्रिया कार्यकम | १ वटा | |
| १२ | प्रहरीहरुसँग अन्तरक्रिया कार्यकम | १ वटा | |
| १३ | स्थानीय जनप्रतिनिधिहरुसंग अन्तरक्रिया कार्यकम | १ वटा | |
| १४ | रिर्टनी स्वयम्सेवकले घरघुरीमा गएर सुचना दिएको संख्या | ५६४१ जना | |
| १५ | आप्रवासी श्रोत केन्द्रमा सुचना तथा परामर्श लिएका सेवाग्राहीहरुको संख्या | महिलाः ३९३० जना<br>पुरुष : १२८३७ जना<br>जम्मा : १६७६७ जना | |

## ११. आर्थिक विकास शाखा

### क.कृषि बिकास

- तरकारी पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा इनरुवा न.पा. ८ को अनमोल कृषि फर्म र भुमिका कृषि तथा पशुपालन कृषक समुहलाई कार्यक्रम दिई समापन गरेको,
- ५० प्रतिशत अनुदानमा नयाँ तरकारी पकेट कार्यक्रम यदुवंशि बहुउद्देश्यीय कृषक समुह र सप्तमुखी प्रागेस कृषक समुह मार्फत गरेको,
- ५० प्रतिशत अनुदानमा चैते धान प्रवद्धन कार्यक्रम खनाल कृषि फर्म, इनरुवा-५ मार्फत गरेको,

- ५० प्रतिशत अनुदानमा हिउँदे मकै प्रवद्धन कार्यक्रम साफल्य कृषि सहकारी संस्था, इनरुवा ७ मार्फत गरेको,
- ५० प्रतिशत अनुदानमा १२.१ मेट्रिक्टन उन्नत धानको विउ सवै वडाका किसानहरुलाई मागको आधारमा वितरण गरिएको,
- कृषकको माग अनुसार ४० वटा कृषि मिटर जडानका लागि र अन्य विभिन्न सिफारिस गरेको,
- किसान सूचीकरण कार्यक्रम अन्तर्गत वडा नं.१,३ र ५ का १३४५ घरधुरीको विवरण संकलन गरिएको,
- कृषक समुह गठन तथा नविकरणहरु गरेको,
- ७५ प्रतिशत अनुदानमा सबै वडामा साना सिचाई तथा स्यालो टुवेल वोरिङ जडान कार्यक्रममा ५० वटा वोरिङ वितरण गरिएको,
- अनुदानको रसायनिक मल बाँडफाँड गरी माग अनुसार सिफारिस गरेको,

ख.<u>पशुपन्क्षी तथा मत्स्य विकास</u>

- **खोरेत विरुद्धको खोप कार्यक्रम -** इनरुवा नगर क्षेत्रका करिब १८००० पशु हरु मा खोरेत बिरुद्ध खोप लगाइएको छ । साथै खोप सेवा हाल पनि संचालनमा रहेको छ ।
- ५०% लागत सहभागितामा २७ जना कृषकहरुलाई च्यापाकटर वितरण गरिएको छ ।
- **लम्पी स्किन खोप संचालनः-** इनरुवा नगरपालिका भित्र रहेको ६००० पशु लाई लम्पि स्किन रोग बिरुद्धको खोप लगाइएको छ ।
- **पी.पी.आर. खोपः-** इनरुवा नगरपालिका क्षेत्र रहेको ८००० बाख्राहरुमा पी.पी.आर बिरुद्ध खोप अभियान संचालन ।
- **पशु सेवा केन्द्र बबियाः-** पशु सेवा केन्द्र बबिया बाट नियमित सेवा प्रबाह भईरहेको छ । हाल सम्म तपसिल बमोजिमको सेवाहरु प्रदान गरिएको छ ।

<u>तपसिलः</u>

- उपचार — ३३०, गोबर जाँच-११५, दुग्ध जाँच-२५, कृतिम गर्भाधान-२१०, खसि पारेको — ६००, रेबिज विरुद्धको खोप — २६, कुखुराको सव परिक्षण - ४५०

**१२.रोजगार सेवा केन्द्र- प्रधानमन्त्री रोजगार कार्यक्रम**

- बैदेशिक रोजगारमा जान चाहने ६४५ जना व्यक्तिहरुलाई online श्रम स्वीकृतिको लागि आवश्यक सहजीकरण गर्ने कार्य गरेको,
- प्रधानमन्त्री प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिभिन्न योजनाहरु :खानेपानीको लागि पाइपलाइन विस्तार , कृषि बाटो निर्माण , नगर क्षेत्रमा रहेका बिभिन्न ठाउँका सडक पेटी सरसफाई तथा मर्मत सम्भार, कुलो पैनी नाला सरसफाई जस्ता योजनाहरु संचालनमा ल्याई ,नगर क्षेत्रका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत plumbing र Electrical तालिम संचालन गरिएको ।
- विभिन्न तालिम प्रदायक संस्थाहरुलाई, इनरुवा नगर क्षेत्रभित्र सिपमुलक तालिम प्रदान गर्न सिफारिस तथा सहजीकरण गर्ने कार्य गरेको,

## १३. वडा कार्यालयहरुबाट सम्पादित कार्यहरु

**व्यक्तिगत घटना दर्ताको विवरण**

| क्र.स. | व्यक्तित घटना दर्ताको किसिम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म | ८०१ | ७४७ | १५४८ |
| २ | मृत्यु | २८२ | २१९ | ५०१ |
| ३ | विवाह | ७३१ | | |
| ४ | बसाई सराई (सरि जाने) | परिवार संख्याः २०० सदस्य संख्याः ५६९ | | |
| | बसाई सराई (सरि आउने) | परिवार संख्याः २१४ सदस्य संख्याः ६३१ | | |
| ५ | सम्बन्ध विच्छेद | ४८ | | |

**विभिन्न किसिमका सिफारिसहरुको विवरण**

| क्र.स. | सिफारिसको नाम | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | वडा नं. ८ | वडा नं.९ | वडा नं.१० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २६३ | १७० | ३४१ | ३५७ | १८१ | २६३ | १६२ | ५४६ | ३९६ | ३१८ | २९९७ |
| २ | नाता प्रमाणित | ७९ | ११० | १७२ | १२६ | ११२ | २४३ | १८१ | १०१ | १६७ | १५१ | १४४२ |
| ३ | चार किल्ला सिफारिस | २२१ | २६८ | ४३७ | २४४ | २१३ | ३४० | १९८ | १८७ | २१३ | १२६ | २४४७ |
| ४ | घर बाटो सिफारिस | १५३ | २५९ | ३३२ | २६० | २०८ | ४३४ | ४७९ | ३५६ | ३२० | २४८ | ३०४९ |
| ५ | अन्य | ९७७ | ४२४ | ९२६ | ६५८ | १२४८ | १९०७ | ६४३ | ९३४ | १७४५ | १२२३ | १०६८५ |
| | **जम्मा** | **१६९३** | **१२३१** | **२२०८** | **१६४५** | **१९६२** | **३१८७** | **१६६३** | **२१२४** | **२८४१** | **२०६६** | **२०६२०** |

## १४.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**आय (मिति २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्त सम्मको)**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | |
|---|---|---|---|---|
| **जम्मा** | ९४,२६,७६,०९४.६९ | ८५,२८,३७,७५७.०० | ९०.४६ | |

**व्यय (मिति २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्त सम्मको)**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | |
|---|---|---|---|---|
| चालु | ५९,६३,०७,८२९.४९ | ५३,२०,४१,०४३.२७ | ८९.२२ | |
| पूंजीगत | ३४,६३,६८,२६५.२० | २३,८६,७०,६४५.८१ | ६८.९१ | |
| **जम्मा** | ९४,२६,७६,०९४.६९ | ७७,०७,११,६८९.०८ | ८२.१४ | |

**समाप्त !**